यशोधरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०७९/८०

चलानी नम्बर :-

## करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथमपटक सूचना प्रकाशित मिति : २०७९।११।१९)

यस यशोधरा गाउँपालिका, बैदौली, कपिलवस्तुको लागि सब-ईन्जिनियर तथा असिस्टेन्ट सब-इन्जिनियर पदमा तपशिलको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समय भित्र राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल :**

| क्र स. | बिज्ञापन नं . | पद/सेवा/समुह | श्रेणी/तह | माग गरिएको पद | परीक्षा दस्तुर(.रु) |
|---|---|---|---|---|---|
| १ | १२/०७९/८० | सब-इन्जिनियर/सिभिल | सहायक पाँचौ | ४ | ५००/- |
| २ | १३/०७९/८० | असिस्टेन्ट सब-इन्जिनियर/सिभिल | सहायक चौथो | २ | ४००/- |

१. परीक्षाको किसिम : सक्षिप्त सूचीमा प्रकाशन भएका उम्मेदवारहरुको अन्तरवार्ता।

२. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

क) सब-ईन्जिनियर पदको लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।

ख) असिस्टेन्ट सब-इन्जिनियर पदको लागि मान्यता प्रास शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्राविधिक शिक्षालयबाट टि.एस.एल.सी उत्तीर्ण गरेको वा सो सरह उत्तीर्ण गरेको।

३. उमेरको हद : दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको।

४. दरखास्तको प्रकार : लोक सेवा आयोगको दरखास्त फारम।

५. दरखास्त दिने अन्तिम मिति : २०७९।१२।०३ गते सम्म।

६. दरखास्त सँग संलग्न गर्नुपर्ने कागजातहरु : शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपालको प्रचलित कानून बमोजिम काउन्सिल वा परिषद्मा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ।

७. परीक्षा केन्द्र : यशोधरा गाउँपालिकाको कार्यालय, बैदौली।

८. दरखास्त दिने स्थान : यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बैदौली, कपिलवस्तु।

९. पदमा रहि गर्नुपर्ने कामको विवरण : सेवा/समूह सम्बन्धि कार्यालयबाट तयार गरिएको (TOR) बमोजिमको काम यस गाउँपालिका कार्यालय वा अन्तर्गतका वडाहरुमा।

१०. यस गाउँपालिकाबाट स्वीकृत सेवा करार कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७६(संशोधित) छनौट सम्बन्धि कार्यविधि बमोजिम सम्पूर्ण भर्ना प्रकिया हुने छ।

पुनश्च : अन्तरवार्ताको मिति संक्षिप्त सूची प्रकाशन भए पछि तोकिनेछ र सोको सूचना गाउँपालिकाको बेवसाइट तथा फेसबुक पेज मार्फत गरिने छ।

११. थप जानकारीका लागि यशोधरा गाउँपालिकाको कार्यालय, बैदौली, कपिलवस्तुमा सम्पर्क गर्नु हुन।

प्रमुख प्रशासकीय अधिकृत